Nepali

NATIONAL
CERVICAL SCREENING
PROGRAM

A joint Australian, State and Territory Government Program



# तपाइको पाठेघर परिक्षणको नतिजालाइ बुझ्ने निर्देशिका

Australian Government

# परिचय





यो पुस्तिकाले तपाईंलाई आफ्नो ग्रीवाको परिक्षणको नतिजालाई अझ राम्ररी बुझ्ने जानकारी दिन्छ |

तपाईंको स्वास्थ्य सेवा प्रदायकले तपाइको नतिजा र अर्को कदमको बारेमा तपाईंसंग छलफल गर्नेछन् |

महत्त्वपूर्ण यो छ कि यदि तपाईंको योनीबाट असामान्य रुपमा रगत बग्ने, दुखाई जस्ता संकेतहरु देखिएमा तुरुन्त आफ्नो स्वास्थ्य सेवा प्रदायकसंग सम्पर्क राख्नुहोला |



# पाठेघर परिक्षण जांच

नयाँ पाठेघर परिक्षण जांच क्यान्सरको परिक्षण जस्तै हो | यो नयाँ जाँच अत्यन्तै पछिल्लो चिकित्सकीय र बैज्ञानिक तर्कमा आधारित छ र यो, ग्रीवामा सुरुवाती समयमा हुने असामान्य अवस्था सिर्जना गर्ने भाइरसको परिक्षण गर्न अझै प्रभावकारी छ |

अहिले राम्ररी बुझिएको छ कि पाठेघरको क्यान्सर कसरी हुन्छ | यो एकदम कम हुन्छ र भाइरसलाई पाठेघरको क्यान्सरको विकास गर्ने असमन्यताहरुको विकास हुन १० बर्ष लाग्छ |

यो आश गरिएको छ कि राष्ट्रिय पाठेघर परिक्षण कार्यक्रममा गरिएको परिवर्तन र नयाँ परिक्षण प्रबिधिको विकासको माध्यमबाट ३०% महिलाहरुलाई ग्रीवाको क्यान्सरबाट जोगाउन सकिन्छ |

## पाठेघर परिक्षण जाँचले के पत्ता लगाउछ?

पाठेघर परिक्षण जाँचले तपाइको पाठेघरको तन्तुहरुमा साधारण मानव प्यापिलोमा भाइरस (HPV) को संक्रमणको जाँच गर्छ |

**HPV यति सामान्य छ कि धेरै मानिसमा अफ्नोजिवन अवधिमा कुनै समयमा यो हुन्छ र यो थाहा हुदैन किनकि यसको कुनै संकेतहरु देखिदैन |**

## HPV के हो?

HPV संक्रमण धेरै किसिमका हुन्छन र धेरै जस्तो तिनीहरु प्राकृतिक रुपमा शरीरको प्रतिरोधक क्षमताले बिना कुनै समस्या सिर्जना गरेर १ वा २ बर्षमा हट्छन् |

HPV एउटा साधारण संक्रमण हो जुन यौन गतिविधिको समयमा लैंगिक छालाबाट छालामा सर्छ | HPV यति सामान्य छ कि धेरै मानिसमा यो जीवनको कुनै समयमा हुन्छ तर थाहा हुदैन किनकि यसका कुनै संकेत हुदैनन् |

दुर्लभ अवस्थामा, केहि प्रकारका HPV संक्रमणहरु जुन शरीरले सफा गर्दैन तिनले असामान्य पाठेघरको तन्तुमा परिवर्तन ल्याउन सक्छन |



# पाठेघर परिक्षण जाँच नतिजाहरु

## मेरो जाँच नतिजाले के भन्छ?

तपाईंको स्वास्थ्य सेवा प्रदायकले तपाईंसंग तपाईंको पाठेघर परिक्षण नतिजाको बारेमा कुरा गर्नेछन |

सम्भाव्य नतिजाहरु:

- ५ बर्षपछी पुनर्परिक्षणमा आउनु
- १२ महिनाको अवधिमा HPV जाँच दोहोर्याउनु
- बिशेषज्ञसंग सम्पर्क गर्नु
- असन्तोषजनक जाँच नतिजा

## ५ बर्षपछी पुनर्परिक्षणमा आउनु

तपाइको परिक्षण नतिजाले देखाए अनुसार तपाइलाई HPV संक्रमण छैन |

रास्ट्रिय पाठेघर परिक्षण कार्यक्रमले ५ बर्ष पछी तपाइको पाठेघर परिक्षणकोलागि तपाइलाई निमंत्रना पठाउछ | आधुनिक चिकित्सकीय र बैज्ञानिक प्रमाणहरुले देखाउछ कि तपाई ५ बर्ष पछी सुरक्षितरुपमा परिक्षणमा फर्किन सक्नुहुन्छ |

## १२ महिनामा HPV परिक्षण दोहोर्याउनु

तपाईंको परिक्षण नतिजाले देखाउछ कि तपाईंले थप जाँच गर्नुपर्दैन तर १२ महिनाको अवधिमा यो परिक्षण दोहोर्याउनु पर्छ|

यो किन भने तपाइलाई HPV भाइरसको संक्रमण भएको छ र अवको १२ महिनाको अवाधिमा तपाइको शरीरले यसलाई सफा गर्नसक्छ |

१२ महिनामा गरिएको पुन: परिक्षणले त्यो संक्रमण गएको छ कि छैन देखाउछ र तपाई सुरक्षितरूपमा ५ बर्ष परिक्षणमा फर्किन सक्नुहुन्छ |

यदि पुनर्परिक्षणमा HPV संक्रमण गएको छैन भने, तपाइले बिशेषज्ञसँग थप सल्लाह लिनुपर्छ| यसको अर्थ यो हैन कि तपाइलाई क्यान्सर भएको छ | HPV संक्रमण भएको १० देखि १५ बर्ष पछी मात्र क्यान्सर विकास हुन्छ र पाठेघरको क्यान्सर एकदम दुर्लभ छ |

## बिशेषज्ञसँग सल्लाह लिनुस

तपाइको परिक्षण नतिजाले देखाउछ कि तपाइलाई एक किसिमको HPV संक्रमण भएको छ जसलाई बिशेषज्ञसँग को जाँचको आवश्यकता छ वा जाँचले देखाएको छ कि तपाईंमा असामान्य अवस्था छ जसको उपचार आवश्यक छ |

यसको अर्थ यो हैन कि तपाईमा क्यान्सरको विकास भएको छ | HPV संक्रमण भएको १० देखि १५ बर्ष पछी मात्र क्यान्सर विकास हुन्छ र पाठेघरको क्यान्सर एकदम दुर्लभ छ |

तपाईंलाई नियमित जाँचकोलागि एकजना बिशेषज्ञ सुझाब गरिन्छ, जुन जाँचलाइ कोलोंसकोपी जाँच भनिन्छ (थप जानकारीको लागि “कोलोंसकोपी के हो” हेर्नुहोस)

यो जाँचको नतिजा प्राप्त भएपछी तपाइको स्वास्थ्य सेवा प्रदायकको निर्देशन पालना गर्नु महत्त्वपूर्ण छ |

## असन्तोषजनक जाँच नतिजा

एउटा असन्तोषजनक जाँच नतिजाको अर्थ यो हैन कि केहि गलत भएको छ | असन्तोषजनक नतिजाको अर्थ तपाइको नमुना राम्ररी पढ्न सकिएन र यो जाँच ६ हफ्तामा फेरी गर्नु महत्त्वपूर्ण छ |

असंतोसजनक नतिजा त्यतिबेला आउछ जब प्रयोगशालाले तपाइको नमुना राम्ररी पढ्न सक्दैन | यो हुनुमा धेरै कारण छन्, उदाहरणको लागि जम्मा गरिएका तन्तुका संख्या निकै कम थिए |

असामान्य अवस्थाहरु सुरुवाती समयमा पत्ता लागे भने सजिलै र सफलतापुर्वक ठिक गर्न सकिन्छ| यदि उपचार गरिएन भने क्यान्सरको विकास हुने सम्भावना धेरै छ |

पाठेघरको परिक्षणले यसको क्यान्सरलाइ रोक्ने लक्ष्य राखेको छ| यदि तपाईं आफ्नो नतिजाबाट चिन्तित हुनुन्छ भने आफ्नो स्वास्थ्यकर्मीसंग सल्लाह लिनुहोस् |



**असामान्य अवस्थाहरु सुरुवाती समयमा पत्ता लागे भने सजिलै र सफलतापुर्वक ठिक गर्न सकिन्छ | यदि उपचार गरिएन भने क्यान्सरको विकास हुने सम्भावना धेरै छ |**



पाठेघरको परिक्षणले यसको क्यान्सरलाइ रोक्ने लक्ष्य राखेको छ ।
यदि तपाईं आफ्नो नतिजाबाट चिन्तित हुनुन्छ भने आफ्नो स्वास्थ्यकर्मीसंग सल्लाह लिनुहोस् ।



# तपाइलाई बिशेषज्ञसंग भेट गराएपछि के हुन्छ?

तपाईंको नतिजामा भर पर्छ कि, तपाइको स्वास्थ्यकर्मीले थप जानकारीकोलागि तपाइलाई बिशेश्ग्यसंग सल्लाह लिन सुझाउन सक्नुहुन्छ | निन्म लिखित जानकारीहरुले केहि प्रक्रिया र उपचार बिधि ब्याख्या गर्छन |

## कोल्पोस्कोपी के हो?

कोल्पोस्कोपी तपाइको पाठेघरको परिक्षण हो | यो परिक्षणको समयमा, बिशेषज्ञले एक किसिमको यन्त्र कोलोस्कोप प्रयोग गर्नेछन, जुन एउटा स्तम्भमाथि राखिएका दुरबिन जस्ता देखिन्छन; जसले तपाइको पाठेघरको सजिब दृश्य देखाउछन | कोल्पोस्कोपी बिशेषज्ञले गर्ने गर्दछन, प्राय महिला बिशेषज्ञ | तपाइको स्वास्थ्यकर्मीले कोल्पोस्कोपीकोलागि कसलाई भेट्ने भनेर सल्लाह दिनेछन |

### कोल्पोस्कोपी परिक्षण कसरि गरिन्छ?

जब तपाईं भेटको लागि आउनुहुन्छ, यो परिक्षणको बारेमा जति धेरै प्रश्न सोध्न सक्नुहुन्छ त्यतिनै राम्रो | बिशेषज्ञलाइ सोध्नुस कि यो परिक्षण अवधि भरि उनीहरु के गर्दै छन् जसले तपाइलाई मद्धत गर्नेछन |

कोल्पोस्कोपी परिक्षण गर्नकोलागि तपाइलाई खुट्टाको सहयोगमा परिक्षण बिस्तारमा सुत्न लगाईन्छ, त्यस्तै जब पाठेघर परिक्षण जाँच जस्तै | पाठेघर परिक्षण जाँच जस्तै, बिशेषज्ञले तपाइको योनीमा ऐना पसाउछन | त्यसपछि बिशेषज्ञले तपाइको योनीमा कुनै असाधारण चिज छ कि भनेर हेर्नकोलागि बिशेष किसिमको तरल पदार्थ राख्छन् |

त्यसपछि बिशेषज्ञले कोल्पोस्कोपको मद्धतबाट ध्यानपुर्वक तपाईंको पाठेघर जाँच गर्नेछन | कोल्पोस्कोप आफै शरीर भित्र जादैन |

यो परिक्षण करिब १० देखि १५मिनटको हुन्छ र मानिसलाई कुनै दुखाई महसुस हुदैन | तरपनि, तपाईंलाई योनी भित्र एना पसाउँदा अप्ठ्यारो हुनसक्छ|

तपाईंको बिशेषज्ञलाई सोध्नुस कि परिक्षणको समयमा केहि भेटियो भने के हुन्छ|

## बायोप्सी के हो?

कोल्पोस्कोपिको समयमा तपाईंको पाठेघरको केहि भागमा असामान्य केहि देखियो भने त्यहाँबाट एउटा तन्तुको नमुना निकालिन्छ | उक्त नमुनालाई परिक्षणको लागि प्रयोगशालामा लगिन्छ |

तपाईंको स्वास्थ्यकर्मीकोमा बाय्पोसीको नतिजा आउनकोलागि २ हफ्ता लाग्नसक्छ | नतिजा छलफल गर्नकोलागी र आवश्यक परेमा उपचारकोलागि तपाईंले आफ्नो स्वास्थ्यकर्मीसंग भेट्ने समय लिनुपर्ने हुन्छ |

बायोप्सी गरेपछि, तपाइलाई केहि समयकोलागि दुख्न सक्छ | बाय्पोसी गरेको २४ घण्टासम्म कडा मेहनत नगर्नुस र १ वा २ दिनको लागि यौन सम्पर्कबाट टाढा बस्नुस| तपाई स्नान गर्न सक्नुहुन्छ, तरपनि १-२ दिनकोलागी पौडी, नुहाउने, स्पा जस्ता कुराहरुबाट टाढा बस्नुस|

यी साबधानी अपनाएमा तपाइको संक्रमण वा रगत बग्ने जोखिम कम हुन्छ | केहि घण्टा पछी तपाईंमा केहि बगेको र खुलेको जस्तो हुन्छ, त्यसैले भेट्न जादा पातलो प्याड बा केहि बस्तु बोकेर जानु राम्रो हुन्छ |

## असामान्य अवस्थाको उपचार

कोल्पोस्कोपिको समयमा केहि असामान्य देखिएमा, थप उपचार आवश्यक हुनसक्छ | तपाइको स्वास्थ्यकर्मीले तपाईंको अवस्था हेरेर कुन उपचार ठिक हुन सक्छ त्यसको बारेमा कुरा गर्नेछन|

उपचार बिकल्पमा तारको उच्छेदन, लेजर वा कोन बायोप्सी हुनसक्छन | तलको भागले प्रत्येक उपचारको बारेमा छोटो ब्याख्या गर्नेछन् |

### तारको उच्छेदन

यो प्रक्रियामा, तपाईंको पाठेघरबाट असामान्य तन्तुहरु तारको माध्यमबाट हटाईन्छ | यो प्रक्रियामा १५-३० मिनट लाग्छ | प्राय महिलामा यो प्रक्रियामा स्थानीय बेहोस गरेर गराईन्छ, तरपनि केहीलाई सामान्य बेहोसी चाहिन्छ| यदि सामान्य बेहोसी सुझाब दिईएको छ भनेएक दिनको अस्पतालको बसाई आवश्यक छ |

### लेजर

लेजर उपचारमा लेजर बिमको तापको कारणले असामान्य तन्तुहरु हटाईन्छन | यो प्रक्रियामा १५-३० मिनट लाग्दछ | प्राय महिलामा यो प्रक्रियामा स्थानीय बेहोस गरेर गराईन्छ, तरपनि केहीलाई सामान्य बेहोसी चाहिन्छ | तारको प्रयोग हुने प्रक्रिया जस्तै, यदि सामान्य बेहोसी सुझाब दिईएको छ भने एक दिनको अस्पतालको बसाई आवश्यक छ |

### कोन बायोप्सी

यो सानो चिरफारमा, पाठेघरको कोन आकारको खण्ड जसमा ति असामान्य तन्तुहरु रहेका हुन्छन तिनलाई हटाईन्छ | सामान्य बेहोसी प्राय चाहिन्छ र निको हुनकोलागि १ वा २ दिनको अस्पतालको बसाई आवश्यक छ |

यो चिरफार, त्यस बखतमा सिफारिस गरिन्छ जब गर्भासय नलीमा असामान्य तन्तुहरु धेरै हुन्छन वा तिनले ग्रन्थीहरुलाई असर गर्छन| ग्रंथिहरु उक्त नलीमा माथिल्लो भागमा देखिन्छन |

पुनश्च: असामान्य अवस्थाको कुनै पनि उपचार पछी तपाइले पौडी खेल्नु हुदैन, र पाठेघर निको नहुने समयसम्म ३ देखि ४ हफ्ता सम्म यौन सम्पर्क राख्नु हुदैन | ७ देखि १० दिनकोलागि कडा ब्यायाम गर्नुहुदैन किनकि यसले संक्रमण र रगत बग्ने जोखिम बढाउछ |

**तपाईंको स्वास्थ्यकर्मीको सल्लाह पालनागर्नु महत्त्वपूर्ण छ |**



# धेरै सोधिएका प्रश्नहरु

## के उपचारले मेरो गर्भवती हुने सम्भावनामा असर गर्छ?

तारको प्रयोग वा कोन बायोप्सी जस्ता उपचाईरुले पाठेघरलाई कम्जोर बनाउनसक्छन | जबकी गर्भवती हुन अझै सम्भव छ, पाठेघरलाई बलियो बनाउनाकोलागी एउटा जोड यसमा राख्नुपर्छ र यसले बच्चाको मृत्यु हुने सम्भावना रोक्छ | तपाईंले बिगतमा आफ्नो पाठेघरको उपचार गराउनु भएको कुरा तपाईंको स्वास्थ्यकर्मीलाई थाहा हुनु जरुरि छ |

## मलाई HPV कसरि आयो?

HPV यौन गतिविधिको समयमा छालाबाट छालामा सर्ने रोग हो | तपाईंले पहिलो पटक यौन गतिबिधि गर्दा र एउटा यौन साथीबाट पनि HPV को प्रभावमा आउनसक्नु हुन्छ |

प्राय मानिसमा जीवनको कुनै बिन्दुमा HPV संक्रमण हुन्छ तर शरीरले प्राय त्यो भाइरसलाई सफा गर्छ | उक्त भाइरस यति सामान्य हुन्छ कि यसलाई फुर्तिलो यौन जीवनको हिस्सा मानिन्छ |

कन्डमले HPV बाट केहि हद सम्म जोगाउछ, तर कन्डमले लैंगिक छालाको सबै भाग छोप्दैन | HPV संक्रमण देखि क्यान्सर सम्मको अवधि प्राय १०-१५ बर्ष सम्मको हुनेछ |

## के समलिंगी स्त्री, समलिंगी पुरुष, उभयलिंगी, लिंग परिवर्तन, वा बिपरित लिंगका मानिसहरुलाई पनि यो भाइरस हुन्छ?

हो, लैंगिक छालाको सम्पर्कमा आउने जुनसुकै लिंगको मानिसलाई HPV संक्रमण हुनसक्छ |

## यदि ममा HPV छ भने के मैले यौनसम्पर्क राख्न बन्द गर्नुपर्छ?

यदि तपाईंको पाठेघर परिक्षण जाँचले HPV देखायो भनेर यौन सम्पर्क रोक्ने कुनै कारण छैन |

HPV भाइरस सामान्य हो र तपाइको साथीमा त्यो छ भन्ने थाहा हुदैन; वा थियो भने, यो भाइरस भएको शरीरले धेरै जसो समयमा यसलाई कुनै समस्या बिनानै सफा गरिदिन्छ |

## के मैले मेरो साथीलाई म मा HPV छ भनेर भन्नु पर्छ?

उक्त भाइरस लामो समयसम्मको लागि लुक्न सक्ने भएको हुनाले, HPV भाइरस हुदैमा तपाईं वा तपाईंको साथी अविश्वासी भएको हुदैन| HPV लामो समयसम्म निस्क्रिय भएर बस्नसक्छ |

धेरै मानिसकालागि यो थाहा पाउन असम्भव छ कि को बाट कहिले उनीहरु संक्रमित भएका हुन् | HPV ले लैंगिक चोटहरु गराउनसक्छ र अन्य क्यान्सर जस्तै गुद्दर, योनी, घाँटी, लैङ्ग| यदि तपाईमा HPV छ भने, तपाई आफ्नो साथीसंग सल्लाह गर्नसक्नुहुन्छ | आफ्नो साथीसंग पाठेघर परिक्षण जाँचको बारेमा कुरा गर्नु नितान्त तपाईंको निर्णय हो |

यदि तपाईं आफ्नो साथीलाई HPV भाइरस सर्छ भन्नेमा चिन्तित हुनुन्छ भने, थप सल्लाहकोलागी आफ्नो स्वास्थ्यकर्मीसंग कुरा गर्नुहोस |

## HPV कसरि ठिक गरिन्छ?

HPV को कुनै उपचार छैन| धेरै जसो अवस्थामा रोग्प्रतिरोधात्मक क्षमताले शरीर बाट प्राकृतिकरुपमा HPV लाई सफा गर्छ र कुनै असर छोड्दैना | धेरै मानिसमा HPV को कुनै संकेत हुदैन र उनीहरुलाई थाहा हुदैन कि यो छ | HPV को कारणले पाठेघरका तन्तुहरुमा आएका परिवर्तन जुन पाठेघर परिक्षण जाँचबाट थाहा हुन्छ त्यसलाई थप जाँच गर्नुपर्छ, र आवश्यक परेमा उपचार गर्नुपर्छ|

HPV ले बनाएका लैंगिक घाउहरुस्वास्थ्यकर्मी संग उपचार गराउनु पर्दछ |

## के मलाई फेरी HPV को संक्रमण हुनसक्छ?

HPV भाइरस धेरै किसिमका छन् | एकपटक HPV भाइरससंग संक्रमित भएपछी, फेरी त्यहि भाइरसले संक्रमण हुने सम्भावना छैन, किनकि शरीर त्यसको लागि प्रतिरोधात्मक हुन्छ | तरपनि, उक्त भाइरस तपाइको शरीरमा धेरै बर्षसम्म निस्क्रिय भएर बस्न सक्छ र पछिफेरी सक्रिय हुन्छ | त्यसैले तपाईं यौन क्रियामा सक्रिय नभएपनि वा एक मात्र यौन साथी भएपनि, तपाईंले परिक्षण गराइरहनु पर्छ |

## मैले HPV को भ्याक्सिन लिएको छु | के मलाई त्यहिपनि HPV को संक्रमण हुनसक्छ?

हो| ततपाईंले HPV को भ्याक्सिन लिएको भएपनि तपाईंले नियमित पाठेघर परिक्षण गराउनु पर्छ| HPV धेरै किसिमका हुन्छन र HPV भ्याक्सिन्ले सबै किसिमका भाइरसबाट तपाईंलाई जोगाउदैन| तपाई पहिलेनै भ्याक्सिन लिनु भन्दा अगाडी यौन गतिबिधिको कारणले HPV को संक्रमण भैसकेको छ | HPV भ्याक्सिनले पहिलेनै संक्रमण भएको अवस्थामा जोगाउन सक्दैन |

## के मैले HPV को भ्याक्सिन लिनुपर्छ?

HPV खोपले HPV हुनुभन्दा अगाडी लगायो भने काम गर्छ, तपाईं यौनको लागि सक्रिय हुनुभन्दा अगाडी| यदि तपाईंलाई पहिलेनै HPV संक्रमण भएको छ भने, भ्याक्सिनको प्रभाव कम हुन सक्छ |

अष्ट्रेलियामा स्कुलमा आधारित खोप कार्यक्रमको आधारमा ९-४५ बर्षका स्त्री र ९-२६ बर्षका पुरुष जवानहरुलाई HPV भ्याक्सिन दियिन्छ | व्यक्तिगत फाइदाकोलागि आफ्नो स्वास्थ्यकर्मीसंग सल्लाह गर्नुहोस| यो खोपलाई स्कुल कार्यक्रम भन्दा बाहिर पनि किन्न सकिन्छ; तपाईंलाई स्वास्थ्यकर्मीले थप सेवा सुल्क लिन सक्छन | यो खोपको ३ पटक सेवन गर्नु सुझाब दियिन्छ |

यो खोप सुरक्षित छ र २ किसिमका HPV भाइरसबाट जोगाउँछ (प्रकार १६ र १८) जसले ७०% भन्दा बढी पाठेघरको क्यान्सर गराउँछ, साथसाथै गुद्दर, योनी र स्वास्नलि, लिंग क्यान्सर | यसले २ वटा क्यान्सर नगराउने HPV का प्रकारबाट पनि जोगाउँछ जसले ९०% लैगिक घाउ बनाउँछ |

## म थप जानकारी कहाँ पाउँछु?

**यदि अंग्रेजी तपाईंको भाषा हैन भने, र तपाईंलाई सहयोग चाहिन्छ भने अनुबाद र आख्यान सेवामा १३ १४ ५० मा फोन गर्नुहोस| यसकोलागि स्थानीय फोन जस्तै शुल्क लाग्नेछ |**

### राष्ट्रिय पाठेघर परिक्षण कार्यक्रम

यदि तपाईंलाई पाठेघर परिक्षणको बारेमा थप चाहिएमा र यो कार्यक्रमले अष्ट्रेलियामा कसरि काम गर्छ बुझ्न चाहेमा, कृपया राष्ट्रिय पाठेघर परिक्षण कार्यक्रमको वेबसाइटमा जानुहोस वा **१३ १५ ५६** मा फोन गर्नुहोस |

www.cancerscreening.gov.au/cervical

### राष्ट्रिय क्यान्सर परिक्षण रजिस्टर

यदि तपाईं आफ्नो सम्पर्क विवरण अधवाधिक गर्न चाहनुहुन्छ र तपाइको अर्को परिक्षण कहिले छ भन्ने जान्न चाहनुहुन्छ भने कृपया **१८०० ६२७ ७०१** मा फोन गर्नुहोस

राष्ट्रिय पाठेघर परिक्षण कार्यक्रम ऑस्ट्रेलियाको राज्य, प्रान्त सरकारको संयुक्त कार्यक्रम हो |

### राष्ट्रिय HPV खोप रजिस्टर

यदि तपाईंलाई आफुलेपहिलेनै HPV खोप लिनुभएको थाहापाउनु छ र कति मात्रा लिनुभएको थाहापाउनु छ भने, कृपया राष्ट्रिय HPV खोप रजिष्र वेबसाइट मा जानुहोस वा १८०० ४७८ ७३४ मा फोन गर्नुहोस् |

www.hpvregister.org.au